# बोक्सी

*माया ठकुरी*

उसलाई थाहा छ, उसका छरछिमेकीहरूले उसलाई 'बोक्सी' भन्छन् भनेर । उसलाई यो पनि थाहा छ, उसको छिमेकीहरूले उसलाई हृदयदेखि नै घृणा गर्दछन् ।

यी सब कुरा थाहा पाउँदा पाउँदै पनि आफूमाथि लगाइएको अभियोगको प्रतिकार गर्न सक्दिन ऊ ।

साह्रै नै कठिन जीवन जिउन बाध्य भएकी छ ऊ ।

जुन छरछिमेकीहरूसँग ऊ वर्षौंदेखि एउटै गाउँमा बसेर जीवनको कैयौं वसन्त पार गरिसकेकी थिई, तिनै छिमेकीहरू र गाउँलेहरूद्वारा पल-प्रतिपल प्रताडित भएर उनीहरूको अवहेलना र उपेक्षाको पात्र हुनुपरेको छ उसलाई ।

वृद्धावस्थाको पट्यारलाग्दो लाममा बस्दाबस्दा थकित भइसकेको रुग्ण शरीरभित्रको उसको दुर्बल मुटु हरघडी कुनै अज्ञात भयले गर्दा छट्पटिरहन्छ ।

ऊ एउटी वृद्धा निस्सहाय स्त्री हो जसको यस संसारमा आफन्त भन्ने कोही पनि छैनन् ।

धेरै वर्षअघि जब ऊ मात्र चौध वर्षकी थिई, त्यसबेला यो गाउँको एउटा युवकको पत्नी भएर उसले यस गाउँमा, यस घरमा पाइला टेकेकी थिई । त्यसबेला यो घरमा उसकी विधवी सासु, जेठाजु, जेठानी र उनीहरूका छोराछोरीहरू थिए । विवाहपछि पनि ऊ एकदमै खुसी थिई कारण उसको पतिले उसलाई औधी माया गर्दथ्यो । उसकी सासूचाहिँ अलि कचकचे स्वभावकी थिई । तर पनि सासू भनेको त्यस्तै हो भन्ने सोचेर उसले आफ्नो मन बुझाएकी थिई ।

जेहोस्, जत्ति नै कच्कचे स्वभावकी स्त्री भए तापनि उसकी सासूले खानपिनमा चाहिँ उसलाई छुट्याएकी थिइनन् ।

उसको लोग्ने अलि रिसाहा स्वभावको थियो । ऊ स्वयं पनि कम मुखाले थिइन । कहिलेकाहीं सानोतिनो कुरामा पनि उसको र उसको पतिको माझमा निकै भनाभन पर्दथ्यो र उसको पतिले उसलाई एकदुई थप्पड पनि लगाउने गर्दथ्यो तर जुन दिन उसले पतिबाट थप्पड खान्थी त्यसदिन उसलाई उसको पतिले अरू दिनभन्दा बढ्ता माया पनि गर्दथ्यो ।

बिगतमा घटेका ती सब कुराहरू सम्झिँदा अहिले पनि आनन्द लाग्दछ उसलाई ।

विवाह भएको पाँच वर्ष बितिसक्दा पनि उसको कोख खुलेको थिएन । त्यसकारण उसको पतिबाहेक अरू व्यक्तिहरूबाट निकै घोचपेचका कुरा सुन्नुपरेको थियो उसले ।

उसको बिहे भएको छैठौं वर्ष लाग्दा उसको गर्भ तुहेको हुनाले उसकी सासू रिसले आगो भएकी थिइन् ।

उसकी सासूले उसको छोरोको दोस्रो बिहे गरिदिनको निम्ति एउटी केटी पनि बन्दोबस्त गरिसकेकी थिइन् तर उसको लोग्नेले आफ्नी पत्नीमा के त्यस्तो आकर्षण देख्यो कुन्नि उसले आमाको प्रस्तावलाई ठाडै अस्वीकार गरिदियो ।

अन्त्यमा हार खाएर उसकी सासूले छोरोको दोस्रो विवाह गर्ने कुरोलाई तिलाञ्जलि दिन बाध्य भएकी थिइन् ।

बैंसमा असाध्ये जाँगरिली थिई ऊ । दुईतीन जनाले गर्ने काम ऊ एक्लैले गर्न सक्दथी । केही वर्षपछि उसकी सासू वर्षदिनसम्म रोगाएर ओच्छ्यान परेर मरिन् ।

सासू मरेको दुई वर्ष पनि नबित्दै उसको लोग्ने जो एउटा निर्माणाधीन भवनमा चारतलामाथि ज्यामी काम गर्दै थियो, ऊ त्यहाँबाट खसेर तत्कालै मृत्युको ग्रास बन्न पुग्यो ।

उसकी सासू बिरामी परेर ओच्छ्यान परेकोबेला नै उसको जेठाजुले आफ्नो अंशमा पर्ने घरखेत जे जति थियो त्यो सबै बेचबिखन गरेर आफ्नी पत्नीको माइततिर बसाइँ सरिसकेका थिए ।

पतिको अकाल मृत्यु हुँदा ऊ मात्र छ्यालीस वर्षकी अधबैंसे स्त्री थिई ।

उसको लोग्ने मरेपछि उसका छरछिमेकीहरूले उसलाई बोक्सीको आरोप लगाएका थिए ।

ऊ बोक्सी भएको कारणले गर्दा नै उसले आफ्नो गर्भको शिशु, सासू र लोग्नेलाई मारेर खाएको आरोप लगाएका थिए, उसका छिमेकका महिलाहरूले उसलाई ।

यो कुरो उसले गाउँकै एकजना महिलाको मुखबाट सुनेकी थिई ।

आफूलाई बोक्सीको आरोप लगाएको कुरो सुनेपछि निकै आघात लागेको थियो उसलाई । बन्द कोठाभित्र थुनिएर निकै समयसम्म रोएकी थिई ऊ ।

उसको लोग्ने मरेको बेला उसको जेठाजु उसको घरमा आएको बेला उसले आफ्नो दुखेसो उनको अघि पोख्दै भनेकी थिई ।

“म पनि यो घरबारी बेचेर हजुरहरूसँगै बस्न जान्छु । आखिर हजुरहरूबाहेक आफ्नो भन्नु अरू को छ र यस संसारमा मेरो । एउटा दाइ छन् । तिनी पनि भाउजूको खटनमा बसेकाछन् त्यै पनि त्यति टाढा । बरु म हजुरहरूको घरखेतमा काम सगाउँला ।”

के सम्झेर हो कुन्नि उसका जेठाजुले उसलाई आफूसँग लान स्वीकार गरेनन् । उनले भने झुपडी घर भए तापनि बास बस्ने ठाउँ छँदै छ । यहीं करेसाबारीमा तरकारी उत्पादन गरेर बेच्ने गऱ्यौ भने पनि एउटाको जीउ ता सजिलैसँग धान्न सकिन्छ । छरछिमेकीहरू पनि असल छन् । बरु म बेला बेलामा आउँदै गरौंला ।”

त्यसपछि उसले गाउँकै साहू महाजनकहाँ गएर उनीहरूको ढिकी जाँतो गर्ने, अन्नपात केलाउने जस्ता काम गरेर जीवन निर्वाह गर्न थालेकी थिई ।

एउटा कुरो चाहिँ उसले उसको लोग्ने मरेको केही समयपछिबाट नै लक्ष्य गर्न लागेकी थिई, त्यो के भने उसका छरछिमेकका आइमाईहरूले उप्रति उपेक्षा देखाउन थालेका थिए । यहाँसम्म कि उनीहरू आफ्ना छोराछोरीहरूलाई सकेसम्म उसको अघि पर्न नदिने प्रयत्न गर्न थालेका उसले प्रष्टसँग बुझ्न थालेकी थिई ।

एकदिन उसले एउटी सानी केटीलाई भुटेको मकै दिन खोज्दा त्यो सानी केटीले उबाट पर हुँदै भनी “नाइँ म खान्नँ तपाईंले दिएको । हाम्री आमाले भन्नुभएको तपाईं बोक्सी हो अरे । तपाईंले दिएको खाने कुरो खाएपछि मरिन्छ अरे ।”

त्यसदिन प्रथमपटक त्यस केटीको मुखबाट त्यस्तो कुरो सुनेपछि उसको टाउकोमा सिङ्गो आकास खसेकोझैं भएको थियो ।

उसलाई अचम्म मात्र होइन, निकै ठूलो आघात लागेको थियो उसको छिमेकी महिलाले आफूप्रति लगाएको आरोप थाहा पाएर । आइमाई भएर आइमाईको विषयमा निरर्थक तथा भ्रमक कुरो सिर्जना गर्दै हिँड्ने ती आइमाईहरूप्रति उसलाई वितृष्णा जागेको थियो ।

गाउँमा एक्ली, गरीब, निस्सहाय स्त्री भएर जीवन बिताउनु फलामको चिउरा चपाए जस्तो भएको थियो उसलाई ।

उसलाई आफ्नै गाउँलेहरूले र छरछिमेकीहरूले बोक्सी ठानेर एक प्रकारले सामाजिक बहिष्कार गरेको जस्तो भएको थियो । न त उसलाई कसैको घरमा भएको शुभकार्यमा निम्त्याइन्थ्यो न त कुनै दुःखको घडीमा सूचित गरिन्थ्यो ।

त्यतिका छरछिमेकी र गाउँलेहरूको माझमा बसेर पनि ऊ आफूलाई नितान्त एक्ली अनुभव गर्न थालेकी थिई ।

त्यति मात्र होइन, गाउँका कतिपय पुरुषहरूको लोलुप दृष्टिले उसलाई सधैंभरि पच्छ्याइरहेको कुरो पनि उसले अनुभव गर्न थालेकी थिई ।

रात्रिको एकान्तमा मौका छोपेर उसको झुपडीको ढोका ढक्ढकाउन आउने ती नीच प्रकृतिका पुरुषहरूबाट पनि जोगिनुपरेको थियो उसले ।

दिनको उज्यालोमा चरित्रवान् बनेर आफ्नो स्वास्नीको अघि पत्नीभक्त भई टोपल्ने लम्पट पुरुषहरूले पत्नीको आँखा छलेर उसको अघि घृणित प्रस्ताव पनि राख्दथे । त्यस्ता दोगला स्वभाव भएका नीच पुरुषहरूको नीचतापूर्ण क्रियाकलाप देखेर उसको कञ्चट तातिन्थ्यो । भुस्याहा कुकुरलाई दुत्कारेकोझैं दुत्कार्ने गर्दथी ऊ त्यस्ता पुरुषहरूलाई ।

कतिका त घरैमा गएर उनीहरूको स्वास्नीको अघि उनीहरूको कुकृत्यको पोल खोल्ने गरेकी थिई उसले तर ती आइमाईहरूले उल्टो उसैलाई अरूको लोग्नेलाई फसाउन खोज्ने वेश्या भनेर गाली गरेर पठाउँथे ।

जुन गाउँमा एउटी बुहारी भएर वर्षौंसम्म दुःख-सुख गरेर उसले जीवन यापन गर्दैथिई त्यसै गाउँमा सबैबाट अपमानित र अवहेलित भएर दिन बिताउन बाध्य भएकी थिई ऊ ।

पछिपछि त गाउँघरमा कोही बिरामी पऱ्यो भने पनि सबैले उसैलाई दोष लगाउन थालेका थिए ।

त्यस्तै प्रकारले घोर मानसिक तनाव सहेर बित्दै थिए उसका दिनहरू ।

वर्षहरू एकपछि अर्को गर्दै धकेलिँदै गए । अब त उसले पनि अठसट्ठी वसन्त पार गरिसकी ।

पहिले पहिले जुन जुन आइमाईहरूले उसको ढाडपछाडि उसलाई ‘बोक्सी’ भनेर आरोप लगाउने गर्दथे, तिनै आइमाईहरूले हिजोआज उसैको मुखञ्जेली उसलाई ‘बोक्सी’ भनेर गाली गर्न र सराप्न थालेका थिए ।

उसको बुढो हाड र दुर्बल शरीरमा आफूप्रति लगाएको झुटो लाञ्छनाको प्रतिकार गर्ने क्षमता नै थिएन ।

आफ्नो विवशता र एक्लोपन साथमा लिएर एकमुठी प्राण धान्नको निम्ति सकीनसकी परिश्रम गरेर जीवन निर्वाह गर्दै छ ऊ ।

आफ्नै देशभित्रका कुनै कुनै ठाउँ ऊ जस्तै गरीब र निस्सहाय आइमाईहरूलाई बोक्सीको आरोप लगाएर गाउँलेहरू मिलेर उसलाई मरणासन्न हुनेगरी कुटेर आफ्नै मलमूत्र खान बाध्य तुल्याएको कुरो उसको कानमा पनि परेको छ ।

ती सब घटनाहरू सुन्दा उसको दुर्बल मुटु हिउँसरह चिसो हुन्छ । ऊ भित्रभित्रै भय र त्रासले मरेतुल्य हुन्छे ।

उसले पनि बोक्सीको विषयमा धेरै कुरो सुनेकी थिई तर ऊ आफूलाई अरूले किन बोक्सी भनेको हो त्यो कुरो उसलाई थाहा थिएन ।

हिजोआज ऊ दिउँसै पनि प्रायःजसो दैलो थुनेर कोठाभित्र बस्ने गर्दथे । ऊ एक्लै आफैसँग के-के बरबराईरहेकी हुन्थी ।

राति पनि सितिमिति निक्ष पर्दैन उसलाई ।

रातिको निस्तब्धतालाई भङ्ग गर्दै कतै कुनै कुकुर भुक्यो भने भयले थरथर काम्न लाग्दछ उसको सारा शरीर । हरेक क्षण कान ठाडा पारेर बस्दछे ऊ ।

बारम्बार सकी नसकी ओच्छ्यानबाट उठेर अन्धकारमा छामछाम छुम्छुम गर्दै ढोकामा लाएको चुकुल छाम्न पुग्दछे ऊ ।

बाहिर कतै कुनै पक्षी फरफरायो भने पनि तर्सन्छे ऊ ।

ऊ दिन रात जति बेला पनि कुनै अज्ञात भयले त्रसित छे ।

उसलाई लाग्दछ, हातमा लामा-लामा लाठी लिएका दैत्यजस्ता मानिसहरूको आक्रोशित भीड उसमाथि पाशविक आक्रमण गर्नको लागि अघि बढ्दैछन् ।

ऊ प्रायजसो आफ्नो सिन्का जस्तो पातला हातगोडा खुम्चाएर, दुवै हात घुँडाभित्र लुकाएर रुँदै कहालिँदै भुईंमा लडिबुडी गर्दै कङ्कलामस्वरमा बिलाप गर्दै भन्ने गर्दछे- "मलाई नमार ! मलाई छोडिदेऊ ! नाईं म खान्न !! खान्न !! म बोक्सी होइन । ममाथि दया गर ! मलाई नमार ! म बोक्सी होइन ।